# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन

*प्रचलित मापदण्डको पालना नगरी निर्माण भएका भवन, संरचना, सीमा पर्खाल र अस्थायी टहराहरु हटाउने सम्बन्धमा अत्यन्त जरुरी सार्बजनिक सूचना*

*(प्रकाशित मितिः २०७९/०८/१३)*

भरतपुर महानगरपालिका क्षेत्र भित्र कुनै पनि भवन तथा संरचनाहरु प्रचलित मापदण्ड बमोजिम नक्सा पास स्वीकृति लिएर मात्र निर्माण गर्नु पर्ने व्यवस्था “स्थानीय सरकार संचालन ऐन-२०७४” ले गरेकोमा कतिपय भवन, संरचना, सीमा पर्खाल र अस्थायी टहराहरु महानगरको स्वीकृति नलिई निर्माण गरेको पाईएकोले प्रचलित मापदण्डको पालना नगरी निर्माण भएका तपसिल बमोजिमका संरचनाहरु यो सूचना प्रकाशित भएको ३५(पैतीस) दिन भित्र हटाउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः-

- सार्वजनिक जग्गामा स्वीकृति नलिई निर्माण भएका भवन, टहरा, संरचनाहरु
- सडक क्षेत्राधिकार मिचेर बनाईएका टहरा, कम्पाउण्डवाल एबं अन्य संरचनाहरु
- स्वीकृति नलिई भवनको अगाडि निर्माण भएका ट्रस, जस्ता राखेर निकालेको अस्थायी पालि, अस्थायी टहरा लगाएतका अन्य संरचनाहरु
- सडकबाट फूटपाथमा सवारी साधन उक्लिन बाटो अवरुद्द हुने गरी ढलाई गरी बनाईएका स्थायी Ramp हरु
- नक्सापासमा बेसमेन्ट पार्किङ्ग स्वीकृत गरी अन्य प्रयोजन (जस्तैः पसल, गोदाम, रेस्टुरेन्ट आदि) मा प्रयोग भैरहेका बेसमेन्टहरु

पुनश्चः उल्लिखित समय सीमा भित्र मापदण्डको पालना नगरी निर्माण भएका भवन, संरचना, सीमा पर्खाल र अस्थायी टहराहरु नहटाए “स्थानीय सरकार संचालन ऐन-२०७४” बमोजिम महानगर आफैले हटाई लागेको खर्च सम्बन्धित व्यक्ति/संस्थाबाट असुल उपर गर्ने व्यहोरा सबैमा जानकारी गराईन्छ।

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन